# पञ्चदेवल विनायक नगरपालिकाको
## नीति तथा कार्यक्रम


पञ्चदेवल विनायक नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
विनायक, अछाम
सुदूरपश्चिम प्रदेश, नेपाल


**आर्थिक वर्ष २०८३/०८४**

# पञ्चदेवल विनायक नगरपालिकाको नगर सभाको १६औं अधिवेशनमा नगर प्रमुख श्री अम्बिका चलाउनेद्वारा मिति २०८३ असार ८ गते सोमबारका दिन प्रस्तुत आ.व. २०८३/८४ को वार्षिक नीति तथा कार्यक्रम

नगरसभाबाट पारित भएको मितिः २०८३ असार ०८ गते

**नगरसभाका सदस्यहरु,**

पञ्चदेवल विनायक नगरपालिकाको नगर सभाको १६औं अधिवेशनमा नगर प्रमुखको हैसियतले यस सम्मानित नगरसभामा आगामी आ.व. २०८३/०८४ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न उपस्थित हुँदा गौरवको अनुभूति गरेको छु ।यहाँहरु सबैलाई नगरसभामा हार्दिक स्वागत गर्दछु।

सर्वप्रथम संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना र सबै राजनीतिक परिवर्तन, सामाजिक न्याय र सुशासनका लागि लोकतान्त्रिक आन्दोलनहरुमा सहादत प्राप्त गर्नुहुने महान सहिद हरुप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु । साथै, ऐतिहासिक राजनैतिक परिवर्तन र सामाजिक परिवर्तनका सबै आन्दोलनहरुको नेतृत्व गर्ने अग्रज नेताहरुप्रति उच्च सम्मानसहित हार्दिक कृतज्ञता व्यक्त गर्दछु ।

१. मिति २०७९ सालको दोस्रो स्थानीय तहको निर्वाचनमा मेरो नेतृत्वमा सरकार गठन हुनु मेरा लागि ऐतिहासिक अवसर प्राप्त भएकोमा सिमित स्रोत साधनका बाबजुद विभिन्न क्षेत्रका चुनौतीहरु सम्वोधन गर्दै नगरपालिकाले सुशासनलाई समृद्ध नगरको आधारशिलाको रुपमा ग्रहण गर्न भ्रष्टाचार विरुद्ध शून्य सहनसिलता, सार्वजनिक सेवा प्रवाहमा सुधार, अत्यावश्यक गुणस्तरीय पूर्वाधार निर्माण, आर्थिक सबलता र सामाजिक उन्नतीलाई अभियानका रुपमा अघि बढाइएको छ । आ.व. ०८३/०८४ मा समेत शासकीय सुधार, सुशासन, शून्य बेरुजु र प्रभावकारी कार्यक्रमको पूर्ण कार्यान्वयनको सुनिश्चितता गर्दै निरन्तरता दिइनेछ ।

२. सुन्दर, सभ्य र समृद्ध नगरको आकांक्षालाई पुरा गर्न र आर्थिक सुधारका कार्यक्रमहरु अगाडी बढाउन दोस्रो कार्यकालको ४ वर्ष पुरा हुँदा नगर सरकारले लिएका नीति तथा सुधारात्मक कामहरुको परिणामस्वरुप सबै क्षेत्रमा सकारात्मक नतिजा देखिन थालेको छ । हामीले नगरपालिकाको कार्यभार सम्हालेको ४ वर्षको अवधिमा प्राप्त उपलब्धिहरु उत्साहजनक रहेका छन् ।

३. नगरपालिकाले लिएको नीति प्रतिवद्धता र प्राथमिकतालाई केन्द्रमा राखि भ्रष्टाचार नियन्त्रणमा शुन्य सहनशिलताको नीतिलाई परिणाममा देखिने गरी कार्यान्वयन गर्न तथा नागरिकहरुमा आशा जगाउन परिणाममुखी कार्यहरु भएका छन् ।

४. नगरपालिकामा सुशासनको प्रत्याभुति गर्न यस कार्यकालको आ.व. २०७९/०८० मा ०.५४ प्रतिशत, आ.व. ०८०/०८१ मा ०.२७ प्रतिशत र आ.व. ०८१/०८२ मा ०.१९ प्रतिशत बेरुजु कायम भएको छ । लगातार ३ वर्ष शुन्य बेरुजु कायम गर्न सफल भई महालेखा परिक्षकको कार्यालय बाट सुदूरपश्चिम प्रदेशमा सम्मानित हुन सफल भएका छौं र आगामी वर्षमा समेत शुन्य बेरुजुको नीति लाई अवलम्बन गरिनेछ ।



पञ्चदेवल विनायक नगरपालिका

५. विगत वर्ष जस्तै पूर्वाधार विकासका आयोजनाहरुको कार्यान्वयनलाई तिब्रता दिइएको छ । समपुरक अनुदान तर्फ रु. ४ करोड ८० लाख बराबरको लागतमा पञ्चदेवल क्याम्पसको अत्याधुनिक शौचालय सहितको १० कोठे पक्की भवनको काम सम्पन्न भई पञ्चदेवल क्याम्पस प्रशासनलाई हस्तान्तरण समेत गरिएको छ । चालु आ.व. मा चण्डीका मा.वि. ४ कोठे, कालिका आ.वि. २ कोठे, जाल्पेश्वरी मा.वि. २ कोठे, ऋषिकुल मा.वि. २ कोठे र जाल्पादेवी आ.वि. २ कोठे पक्की भवनहरुको निर्माण कार्य सम्पन्न गरि नवदुर्गा आ.वि., रुपादेवी आ.वि., जनता आ.वि., मंगलेश्वरी आ.वि. लगायत विद्यालयहरुका भवनहरुको रंगरोगन तथा मर्मत कार्य सम्पन्न गरिएको छ ।

६. रु. १० करोड ८५ लाख लागत बराबरको नगरपालिकाको १० शैयाको अस्पताल निर्माणको काम अन्तिम चरणमा रहेको, वडा नं. १ स्थित कुइका स्वास्थ्य चौकी र वडा नं. ६ स्थित तोली स्वास्थ्य चौकीको नयाँ पक्की भवन निर्माण कार्य सम्पन्न गरिएको छ । साथै १० शैयाको अस्पताल सञ्चालनका लागि रु. ४० लाख बराबरका स्वास्थ्य उपकरणहरु र ९ वटै स्वास्थ्य संस्थाका लागि २४ वटा ल्यापटप, १२ वटा प्रिन्टर, ३ वटा डेस्कटप र स्वास्थ्य सामग्रीहरु खरिद गरी हस्तान्तरण गरिएको छ ।

७. रु. २ करोड ३७ लाख लागत बराबरको मध्य पहाडी लोकमार्ग ४ नं. वडा कार्यालय, रु. २ करोड लागत बराबरको ७ नं. वडा कार्यालय देखि ८ नं. वडा कार्यालयसम्म, ३० लाख बराबरको दोगाडे गैरीगाउँ बसन्तीडाँडा सडक, २५ लाख लागत बराबरको छाप्रेबास कुइकेल्ले माई लेस्टेकोट हुँदै नरहरिनाथ गाउँपालिका सम्म, रु. २५ लाख लागत बराबरको माडु कवलकाँडा सडक लगायत छडेना मस्नेमेला, काटिया तुर्बन, नानाखाल खालीगडा खामुहाल्ले, लयाँटी जिरो प्वाइन्ट देखि राकम पक्की पुलसम्म, भक्कानेमुला कालेकाँडा, नवदुर्गा आ.वि. सिमलरुख सडक, धानरास सडक लगायत विभिन्न सडकहरुको स्तरोन्नती गरिएको छ ।

८. नगरपालिकाको समन्वयमा संघ र प्रदेश सरकार मार्फत कार्यान्वयन हुने गरी दोगाडे खोला पक्की पुल निर्माण तिव्र रुपमा भैरहेको, तालागाड पक्की पुल निर्माणका लागि बजेट सुनिश्चित भई विद्युतिय बोलपत्र आह्वान भइसकेको छ । साथै रु. ४ करोड लागत बराबरको चिल्ताडा भानाकोट खुलालु सडक र रु. १६ करोड लागतमा विनायक बजार RCC सडक निर्माण, ९ नं. वडा कार्यालयको प्रशासनिक भवन निर्माण प्रक्रियामा रहेका छन् ।

९. आठबीस नगरपालिका दैलेख र वडा नं. ९ चिल्ताडा जोड्ने रु. ४३ लाख लागत बराबरको झोलुङ्गे पुल निर्माणको काम अन्तिम चरणमा रहेको, घोडिलास झोलुङ्गे पुल र भानाकोट झोलुङ्गे पुलको निर्माण कार्य सम्पन्न भइ सञ्चालनमा ल्याइएको छ ।

पञ्चदेवल विनायक नगरपालिका

१०. झण्डै ४० वर्ष पछि हाम्रो नगरपालिकामा जिल्ला स्तरीय खेलकुद प्रतियोगिता आयोजना गरी सफलतापूर्वक सम्पन्न गरिएको छ । साथै उक्त खेलकुद प्रतियोगिता सञ्चालनका लागि पञ्चदेवल क्याम्पसको खेलमैदानको स्तरीकरण र रु. ६८ लाख लागतमा नगरस्तरीय खेलमैदानको निर्माण कार्य सम्पन्न गरिएको छ ।

११. विपद् प्रभावितहरुको अस्थायी सुरक्षित आवासका लागि रु. १ करोड ४८ लाख लागतमा नगरपालिकाको वडा नं. ९, चिल्ताडामा २०० जना अट्न सक्ने क्षमताको अत्याधुनिक सुविधा सम्पन्न सुरक्षित आवासगृह निर्माण कार्य सम्पन्न भएको छ । साथै वडा नं. ९ को राँकुमा रु. १३ लाख र वडा नं. ८ को तिखापातलमा रु. १३ लाख लागतमा आकर्षक कालिका देवी मन्दिरहरु तथा मन्दिर परिसर निर्माणको कार्य सम्पन्न भएको छ भने वडा नं. ३ को बाल्लेमाडुँमा रु. १४ लाखको लागतमा बालन देवता मन्दिर निर्माणको कार्य अन्तिम चरणमा रहेको छ । साथै कालाशिल्ला देवता मुसेमाडु परिसर तथा टेवा पर्खाल निर्माण भएको र वडा नं. ३ को वडा कार्यालय निर्माण कार्य समेत सम्पन्न भएको छ ।

१२. नागरिकहरुको आवतजावतलाई सजिलो बनाउनका लागि नगरपालिकाको आफ्नै स्रोत-साधनहरुको प्रयोग गरी नगरपालिकाभित्रका सबै सडक सञ्जालहरुलाई मर्मत, सम्भार र सरसफाई गर्ने काम निरन्तर भैरहेको र विपद् जोखिम न्यूनिकरणका लागि आवश्यक सामाग्री र साधनहरु तयारी अवस्थामा राखिएको छ ।

१३. सबै नागरिकहरुको पहुँचमा विद्युत पुर्याउन विद्युत प्राधिकरणसँगको सहकार्य र समन्वयमा केन्द्रिय प्रशासरण लाइनको काम निरन्तर अगाडी बढेको छ । साथै चालु आ.व ०८२/०८३ सम्म वडा नं. १, २, ३, ४ र ६ मा पूर्ण रुपमा विद्युतीकरणको कार्य अन्तिम चरणमा रहेको र वडा नं. ५ र ७ मा पूर्ण विद्युतीकरण गर्ने गरी काम भइरहेको र बाँकी वडाहरुमा आगामी आ.व. ०८३/०८४ मा सम्पन्न गर्ने गरी विद्युत जडानको कार्य तिव्ररुपमा भइरहेको छ ।

१४. सार्वजनिक सेवा प्रवाह र सुशासनलाई थप प्रभावकारी बनाउन चालु आ.व. मा समेत सबै आयोजनाहरुको सम्झौता वडास्तरबाटै गरिएको छ । साथै रु. ५ लाख भन्दा बढी लागत अनुमान भएका सबै आयोजनाहरुको त्रुटी दायित्व अवधी (DLP Preiod) सम्मका लागि ५ प्रतिशत धरौटी रकम कट्टा गरी आयोजनाको गुणस्तर र मर्मत सम्भारको सुनिश्चितता कायम गरिएको छ ।

१५. आधारभूत विद्यालयका कक्षा १ देखि ५ सम्मका १० वटा विद्यालयहरुलाई प्रविधिमैत्री सिकाइका लागि १० वटा ल्यापटप, प्रिन्टरका साथै अन्य सामग्रीहरु वितरण गरिएको छ ।

१६. आधारभूत तहका ५० जना शिक्षकहरुलाई कस्टमाइज्ड तालिम (क्षमता विकास तालिम), १०० जनालाई IEMIS र कम्प्यूटर तथा ICT सम्बन्धी क्षमता विकास तालिम, ५० जना बालविकास सहजकर्ताहरुलाई शैक्षिक सामग्री निर्माण सम्बन्धी क्षमता विकास तालिम सञ्चालन गरेको छ ।

साथै सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर अभिवृद्धी सम्बन्धी ९ वटै वडाहरुका १५० जना सरोकारवालहरु (वडा शिक्षा समितिका, विद्यालय व्यवस्थापन समितिका अध्यक्ष र शिक्षक अभिवाभक संघका अध्यक्ष) र नगरपालिका बिच अन्तरक्रिया कार्यक्रम र वडागत रुपमा घुम्ति प्र.अ. बैठक गरी सिकाई आदान प्रदान तथा अवलोकन गर्ने कार्य गरिएको छ ।

१७. छोरीबुहारी उच्च शिक्षा छात्रवृत्ति कार्यक्रम अन्तर्गत स्नातकोत्तर २ जना र स्नातक तहमा १५ जना लाई पूर्ण छात्रवृत्ति उपलब्ध गराइएको छ ।

१८. अपुग दरवन्दी भएका सामुदायिक विद्यालयहरुमा नगर शिक्षण सिकाई सुधार कार्यक्रम अनुदान व्यवस्थापन मार्फत शैक्षिक गुणस्तर कायम गरिएको छ ।

१९. नगरपालिका र हेल्भेटासको साझेदारीमा आ.व. २०८१/०८२ सम्ममा जम्मा २२४२ घरधुरीमा खानेपानीको पहुँच पुगेको र चालु आ.व. २०८२/८३ मा *एक घर, एक धारा कार्यक्रम* अन्तर्गत थप ६५९ घरधुरीमा स्वच्छ खानेपानीको पहुँच पुगेको छ । निर्माण सम्पन्न भएका १६ वटा खानेपानी आयोजनाहरुको इकोली, कोलिफर्म र टर्बिडिटि परीक्षण गरीएकोमा कोलिफर्मको मात्रा बढि देखिएका ४ वटा मुहानमा कोलोरिनेशन गरी खानेपानीलाई पिउन योग्य बनाइएको छ । साथै ३४ वटा खानेपानी आयोजनाको मुहान दर्ता गरी ४ वटा खानेपानी आयोजनाको मर्मत सम्भारका लागि ४ जना लाई VMW तालिम, १२ जना लाई खानेपानी सुरक्षा योजना तालिम र ४ जना दलित/गरिब/एकल महिलाहरुको शौचालय निर्माण गरिएको छ । विनायक बजारक्षेत्रको कुहिने, नकुहिने र धातुजन्य फोहोरमैला संकलनका लागि डस्टविन सहित स्ट्याण्ड निर्माण गरिएको छ ।

२०. आ.व. ०८२/०८३ मा ९ वटै स्वास्थ्य संस्थाको सेवा प्रवाहलाई थप जनमैत्री तथा व्यवस्थित बनाउन सामाजिक परिक्षण तथा सार्वजनिक सुनुवाई कार्य सम्पन्न गरिएको छ । आधारभूत स्वास्थ्य सेवा प्रवाह गर्ने अछाम जिल्लाका १० वटा स्थानीय तहमा आ.व. ०७९/०८०, ०८०/०८१ र ०८१/०८२ मा लगातार प्रथम भएका छौं । साथै सबै वडाका विभिन्न विद्यालय र समुदायस्तरमा २८७७ जनाको आँखाको स्क्रिनिङ्ग गरी १३० जनालाई चश्मा वितरण, आँखा शिविर मार्फत ७६ जनाको निशुल्क सफल अप्रेसन गरिएको र ५७७ जनाको नसर्ने रोगको स्क्रिनिङ्ग गरि ४९ जनालाई निशुल्क उपचारको व्यवस्था मिलाइएको छ । १० देखि १४ वर्ष सम्मका २२० जना किशोरीहरुलाई पाठेघरको मुखको क्यान्सर विरुद्धको खोप दिइनुका साथै ३० देखि ४९ वर्ष सम्मका महिलाहरुको पाठेघरको मुखको क्यान्सरको परीक्षण गरिएको छ ।

२१. सबै स्वास्थ्य सँस्थालाई विद्युतीय स्वास्थ्य व्यवस्थापन सूचना प्रणालीमा आवद्ध गरी सेवा प्रवाह गरिनुका साथै स्वास्थ्य चौकीहरुमा वर्षभरी नै आधारभूत स्वास्थ्य सेवा निःशुल्क प्रदान गरी अत्यावश्यक औषधिको व्यवस्थापन तथा आपुर्ति गरिएको र विभिन्न वडाहरुमा ज्येष्ठ नागरिक घरदैलो कार्यक्रम मार्फत ज्येष्ठ नागरिक स्वास्थ्य सेवा प्रदान गरिएको र गर्भवती महिलाहरुको

पञ्चदेवल विनायक नगरपालिका

गर्भ चेकजाँचका लागि ९ वटै वडाहरुमा प्रत्येक महिना अल्ट्रासाउण्ड घुम्ती शिविर सञ्चालन गरी जटिल समस्या भएका ३७ जना गर्भवति आमा र सुत्केरी अवस्था र सुत्केरी पश्चात स्वास्थ्यमा जटिल समस्या भएका २ जना नवजात शिशुहरुलाई थप उपचारका लागि अस्पतालमा प्रेषण पश्चात स्वास्थ्यमा सुधार भएको छ ।

२२. मृगौला प्रत्यरोपण गरेका, डायलाइसिस गरिरहेका, क्यान्सर रोगी र मेरुदण्ड पक्षघात भएका २१ जना आर्थिक रुपमा विपन्न बिरामीहरुलाई मासिक रु. ५ हजारका दरले औषधी उपचार खर्च उपलब्ध गराइएको छ । साथै विभिन्न जटिल रोगका १२ जना आर्थिक विपन्न बिरामीहरुलाई उपचार सहुलियतका लागि उपचाररत अस्पतालमा सिफारिस गरिएको छ । ९ वटै स्वास्थ्य संस्थामा मानसिक स्वास्थ्य सम्बन्धी Mental Health Gap Action Plan 2B (MHGAP 2B) तालिम दिई मानसिक स्वास्थ्य सेवा सुरुवात गरिएको छ ।

२३. १६ वटा कृषक समूहका ४४० जना सदस्यहरुलाई बीउ वितरण गरी तरकारी खेतिका लागि प्रोत्साहन गरिएको, ३१५ जना अगुवा कृषकहरुलाई स्थलगत तालिम सञ्चालन गरी आवश्यक बीउबीजन तथा कृषि सामग्रीहरु वितरण गरिएको, १३५ जना कृषकहरुलाई उत्पादन वृद्धिका लागि उन्नत जातको मकैको बीउ वितरण गरिएको, ७४३ जना सुनौला हजारदिनका आमाहरुलाई करेसाबारी निर्माणका लागि तालिम दिई १२ प्रकारका बीउबीजन सहितको मिनिकिट र कृषि सामग्रीहरु वितरण गरिएको छ ।

२४. आ.व. २०८१/०८२ मा किसान सूचीकरण कार्यक्रम अन्तर्गत ३२१० जना कृषक उक्त प्रणालीमा प्रविष्ट भएका र चालु आ.व. मा उक्त कार्यक्रम निरन्तर सञ्चालनमा रहेको छ ।

२५. १८ जना कृषकहरुलाई व्यवसायिक बनाउन मौरीपालन सम्बन्धी आधारभूत तालिम दिई प्रति सहभागी २ गोलाका दरले मौरीगोला र अन्य आवश्यक सामग्रीहरु शतप्रतिशत अनुदानमा वितरण गरिनुका साथै ४६ जना कृषकहरुलाई च्याउखेति सम्बन्धी तालिम दिई बीउबीजन सहित आवश्यक सामग्रीहरु वितरण गरिएको छ ।

२६. बाली संरक्षण कार्यक्रम अन्तर्गत ५६५ जना कृषकहरुलाई किटनाशक औषधी वितरण गरिएको छ । पहाडी क्षेत्र काष्ठफल तथा फलफूल विकास आयोजना मार्फत ३ वटा सुन्तलाको बगैंचा स्थापना भएको र आ.व.०८२/०८३ मा सुन्तला र ओखरको १/१ वटा बगैंचा स्थापनाको लागि आवश्यक प्रकिया अघि बढाइएको छ साथै उक्त आयोजना अन्तर्गत ४ वटा कृषक पोषण पाठशाला सञ्चालन गरिएका छन् ।

२७. माग र आवश्यकताका आधारमा २०० जना कृषकहरुलाई उन्नत जातका फलफूलका बिरुवा वितरण गर्ने गरि प्रक्रिया अगाडी बढाइएको छ । कृषिजन्य वस्तुहरुलाई उत्पादन बढाउनका लागि १४ वटा सिँचाइ पोखरी र ८ वटा सिँचाइ कुलो निर्माण गरी २८० रोपनी खेतियोग्य जमिनमा सिँचाइको व्यवस्था गरिएको छ ।

२८.पशुपंक्षी रोग नियन्त्रण तथा उपचार सेवा अन्तर्गत औषधी खरिद गरी ११७९२ पशुपंक्षीलाई उपचार सेवा, १० हजार भेडा/बाख्राहरुलाई पि.पि. आर खोप, ३००० डोज खोरेत विरुद्धको खोप, ९०२ डोज रेबिज विरुद्धको खोप दिइएको छ । वडा नं. ६ तोली र वडा नं. ९ कालेकाँडामा रेबिजको नमूना संकलन तथा सम्प्रेषण गरी रेबिज रोग संकास्पद क्षेत्रमा रेबिज खोप अभियान सञ्चालन गरिएको र उक्त अभियानमा जम्मा ६२ वटा पशुहरुलाई खोप लगाइएको, वडा नं. ८ बारलामा निःशुल्क पशुस्वास्थ्य सेवा शिविर मार्फत २७०३ पशुपंक्षीलाई उपचार सेवा प्रदान गरिनुका साथै ७४७ जना सुनौला हजार दिनका आमाहरुका लागि ३१३५ वटा कुखुरा वितरण सँगै कुखुरापालन सम्बन्धी अभिमूखिकरण तालिम सञ्चालन गरिएको छ । पशुसेवा विज्ञ केन्द्र सँगको समन्वयमा १० वटा कृषि तथा पशुपंक्षी फर्महरुले खोर सुधार तथा नश्ल सुधार अनुदान प्राप्त गरेका छन ।

२९.राजश्वको प्रक्षेपण शीर्षक अनुसारको राजश्व संकलन हुन नसके पनि समग्रमा राजश्व संकलन सुधारोन्मुख रहेको छ ।

३०. सेवाग्राहीहरुले उपभोग गर्ने वस्तुहरुको गुणस्तरका लागि बजार अनुगमन मार्फत खाद्य गुणस्तरताको सुनिश्चितता गरिएको छ।

३१. राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रम र नगरपालिकाको साझेदारीमा रोजगार सेवा केन्द्रमा सूचीकृत १४ जना बेरोजगार व्यक्तिहरुलाई सामुदायिक विकासका श्रमप्रधान आयोजनामा संलग्न गराई न्यूनतम ५० दिनको रोजगारीमा संलग्न गराइएको छ ।

३२.लघु उद्यम विकास कार्यक्रम अन्तर्गत वडा नं. ८ मा ३० जनालाई अल्लो उत्पादन तथा बजारीकरण सम्बन्धी व्यवसायिक तथा प्राविधिक सीपमूलक तालिम दिइएको छ । साथै अल्लोको धागोको गुणस्तर नमुना परीक्षणका लागि ९ के.जी. धागो प्रयोगशालामा पठाइएको छ ।

३३. लोकल मदिरालाई ब्रान्डिङ् गर्ने उद्देश्यका साथ वडा नं. ६ को केतुकानामा समूह गठन गरी नमूनाको रुपमा कार्यसञ्चालन गर्ने प्रक्रिया अगाडि बढाइएको छ ।

३४.नगरपालिका र वडा नं. ८, बारलामा सञ्चालन गरिएको अपाङ्गता पहिचान शिविरमा ६५ जनाको स्वास्थ्य परिक्षण गरिएको, २८ जनालाई नयाँ डिजिटल अपाङ्गता परिचय पत्र प्रदान गरिनुका साथै १२ जना अपाङ्गता भएकाहरुको परिचय पत्र अपग्रेड भएको छ । चिकित्सकको सिफारिसका आधारमा ८ जनालाई कार्यालयमार्फत डिजिटल अपाङ्गता परिचय पत्र प्रदान गरिएको छ ।

३५.अपाङ्गता दिवसको अवसरमा ५० जना बालबालिकाहरुलाई न्यानो लुगा र ३० जनालाई अपाङ्गता सहायता सामग्रीहरु वितरण गरिएको, ११६औं अन्तर्राष्ट्रिय महिला दिवसको अवसरमा ९ वटै वडामा आमा समूहका सदस्यहरुका बिच **"मर्यादित महिनावारी र व्यक्तिगत सरसफाइ"** सम्बन्धमा वक्तृत्वकला प्रतियोगिता सञ्चालन गरिनुका साथै सो अवसरमा महिला अधिकार र सामाजिक

न्यायको क्षेत्रमा योगदान गरेका ९ वटै वडाका ५० जना महिलाहरुलाई सम्मान गरिएको छ । लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियान (नोभेम्बर २५ देखि डिसेम्बर १०) का अवसरमा ९ वटै वडामा स्वास्थ्य आमा समूहका बिचमा छाउपडी, बालविवाह र पोषणका विषयमा देउडा गित प्रतियोगिता सञ्चालन गरिएको छ ।

३६. महिला अधिकार क्षेत्रमा सक्रिय ३० जना महिलाहरुलाई क्षमता विकास तालिम सञ्चालन गरिएको, मर्यादित महिनावारी, बालविवाह र पोषण सम्बन्धी १२ वटा मा.वि.का कक्षा ८ देखि १२ सम्मका सम्पूर्ण किशोरीहरुलाई सचेतनामूलक कार्यक्रम सञ्चालन गरिएको छ । नगर कार्यपालिका र कर्मचारीहरुलाई लैंगिक समानता, अपाङ्गता तथा सामाजिक समावेशिकरण (GEDSI) सम्बन्धी क्षमता विकास तालिम सञ्चालन गरी लैङ्गिक उत्तरदायी कार्यक्रम तथा बजेट निर्माणमा सहयोग पुगेको छ ।

३७. नगर स्तरीय बाल सञ्जाल र वडा स्तरीय बाल क्लबहरुको आस्था नेपाल अछाम सँगको साझेदारीमा क्षमता विकास गरी बाल अधिकारका क्षेत्रमा परिचालित गर्ने कार्य भइरहेको छ ।

३८. नगरपालिकामा स्थापित आपतकालीन कार्यसञ्चालन केन्द्रको व्यवस्थापन तथा सञ्चालनलाई थप प्रभावकारी बनाइएको छ । आपतकालीन खोज, उद्धार तथा राहत कार्यलाई समन्वयात्मक रुपमा सञ्चालन गरिएको छ ।

३९. विपद् पूर्वतयारी तथा प्रतिकार्यका लागि नगरपालिकाको संस्थागत क्षमतालाई सुदृढ गर्दै वडा तथा समुदायस्तरमा गठित विपद् व्यवस्थापन समितिको सक्रियताका लागि अभिमुखीकरण तथा कार्यदल गठन कार्य सुरुवात गरिएको छ ।

४०. संघीय सरकार, प्रदेश सरकार र विभिन्न संवैधानिक आयोग मार्फत प्राप्त सुझाव तथा मार्गदर्शनहरुलाई पालना गरी सुशासन र प्रभावकारी सेवा प्रवाहमा जोड दिइएको छ ।

४१. प्राकृतिक स्रोत तथा वित्त आयोगको कार्यसम्पादन मूल्यांकनमा ६९.४६ अंङ्क र स्थानीय तहको कार्यसम्पादन मूल्यांकन (LGPAS) प्रणालीमा ७३.५ प्रारम्भिक अंङ्क सहित अछाम जिल्लामा प्रथम स्थान हासिल गरेका छौं ।

४२. चालु आ.व. २०८२/८३ मा नगर प्रहरी ऐन, जनस्वास्थ्य ऐन, आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन गरी ३ वटा ऐन, बहुक्षेत्रीय समन्वय समिति गठन तथा सञ्चालन निर्देशिका, नमुना विद्यालय विकास तथा सञ्चालन निर्देशिका गरी २ वटा निर्देशिका र उच्च शिक्षा अध्ययनरत छोरी बुहारी छनोट कार्यविधि, बेरुजु फछ्र्यौट कार्यविधि, लेखा समिति गठन तथा कार्यसञ्चालन कार्यविधि, नगरसभा सचिवालय स्थापना तथा सञ्चालन कार्यविधि, नगर अस्पताल सञ्चलान तथा व्यवस्थापन कार्यविधि, आँखा उपचार केन्द्र सञ्चालन तथा व्यवस्थापन कार्यविधि र उपभोक्ता समितिमार्फत आयोजना तथा कार्यक्रम सञ्चालन सम्बन्धी कार्यसञ्चालन विधि (SOP) गरी ७ वटा कार्यविधि निर्माण तथा राजपत्रमा प्रकाशन गरि कार्यान्वयमा ल्याइएका छन् ।

४३. नगरपालिका कार्यालय र मातहतका सबै वडा कार्यालय तथा स्वास्थ्य संस्थाहरुमा फाइबर इन्टरनेट सेवा जडान गरी सेवा विस्तार गरिएको छ । साथै ९ वटै वडाहरुमा राजश्व सङ्कलन कार्यलाई व्यवस्थित र पारदर्शी बनाउनका लागि सुत्र प्रणाली मार्फत राजश्व सङ्कलन कार्य गरिएको छ ।

४४. सार्वजनिक सम्पत्तिको संरक्षण र व्यवस्थापन गर्न ९ वटै वडा कार्यालय, स्वास्थ्य संस्था मार्फत PAMS V2 पुर्णरुपमा लागु गरि कार्यान्वयनमा ल्याइएको छ ।

४५. नगरसभाका सदस्यहरुको लागि क्षमता विकासका कार्यक्रम र जनप्रतिनिधि तथा कर्मचारीहरुको क्षमता विकास तालिम सञ्चालन गरिएको छ । साथै नगरपालिकामा कार्यरत ११ जना कर्मचारी लाई विषयगत क्षमता विकास सम्बन्धी तालिममा सहभागी गराई क्षमता अभिवृद्धि गरिएको छ । साथै मनोसामाजिक परामर्शकर्ता र रिटर्नी स्वयमसेवक नियुक्ति मार्फत वैदेशिक रोजगारीमा रहेकाहरुको तथ्यांक संकलन गरी वैदेशिक रोजगारीलाई सुरक्षित र व्यवस्थित गर्न सुरुवात गरिएको छ ।

४६. चालु आ.व. २०८२/८३ को सामाजिक सुरक्षा भत्ता को.ले.नि.का.बाट EFT प्रणालीमार्फत सिधै ९ वटै वडाका लाभग्राहीहरुको खातामा भुक्तानीको व्यवस्था गरिएको छ ।

४७. न्यायिक समितिको क्षेत्राधिकार भित्र पर्ने न्यायिक समितिमा प्राप्त विवादहरुलाई मेलमिलापको माध्यमबाट निरुपण गरी दुबै पक्षलाई सहज ढंगबाट समुदायमा मिलेर बस्ने वातावरण कायम गरिएको छ ।

**नगरसभाका सदस्यहरु,**

अब म पञ्चदेवल विनायक नगरपालिकाको समग्र विकास निर्माण र दिगो विकासका लक्ष्यहरु हासिल गर्न आगामी आर्थिक वर्ष २०८३/८४ को वार्षिक नीति तथा कार्यक्रम यस नगरसभाको गरिमामय बैठकमा प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

**१. आर्थिक विकासतर्फः**

- नगरपालिकाभित्र उच्च उत्पादनका सम्भावना भएका कृषि क्षेत्रको उत्पादनमा अनुदान उपलब्ध गराउने सम्बन्धी नीति लिइनेछ ।
- कृषिमा नवप्रवर्तन र यान्त्रीकरणमार्फत उत्पादकत्व वृद्धिका लागि कृषकको सीप तथा क्षमता विकास गरी रैथाने बाली प्रवर्द्धन गर्न सचेतनामुलक कार्यक्रम सञ्चालन गरिनेछ । साथै बाली बीमा कार्यक्रम सञ्चालन गर्न कृषकलाई प्रेरित गरिनेछ ।
- शीत भण्डार (Cold Chamber) सञ्चालनमा ल्याइने छ । कृषि उपजलाई सहजै बिक्री गर्न मासिक रुपमा हाटबजार सञ्चालन गरी उक्त हाटबजारमा साँस्कृतिक कार्यक्रम अन्तर्गत देउडाखेल प्रदर्शन गरिनेछ ।

- नगरपालिकाको सम्भावित क्षेत्रमा बालीविकास कार्यक्रम अन्तर्गत पकेट क्षेत्रका रुपमा विकास गरिनेछ । बाँझो जमिनको उपयोग गर्ने कृषकहरुलाई मागको आधारमा कार्यक्रम, कृषि पाठशाला र मूल्य श्रृङ्खला तालिम प्रदान गरिनेछ ।

- कृषि ज्ञान केन्द्र, पहाडी क्षेत्र काष्ठफल तथा फलफूल विकास आयोजना, नगरपालिका र कृषकको साझेदारीमा फलफूल खेतीको विस्तार गरिनेछ। कृषि उपजलाई बढावा दिन कृषि पकेटमा आवद्ध भई उत्कृष्ट कृषि उत्पादन गर्ने कृषकलाई सम्मान गरिनेछ ।

- कृषक/कृषि समूहको मागको आधारमा साना सिँचाई, प्लाष्टिक पोखरी, थोपा सिचाई निर्माण र सम्भाव्य उत्पादनको उत्पादकत्व र बजार प्रतिष्पर्धा वृद्धिका लागि कृषक र कृषक समूहलाई मागका आधारमा यान्त्रीकरण र बीउबिजनमा ५०% अनुदान उपलब्ध गराई लागत साझेदारी गरिनेछ । साथै गहत, गुराँस, मास, कोदो, जौ जस्ता रैथाने बालीमा उत्पादनको आधारमा प्रोत्साहन गरिनेछ ।

- किसान सूचीकरण कार्यक्रमलाई निरन्तरता दिई कृषि तथ्याङ्क अद्यावधिक सेवा प्रवाहमा सुधारका लागि प्राविधिक जनशक्ति परिचालन गरी कृषकको उत्पादन र उत्पादकत्व बढाउन सबै वडामा समुह गठन तथा परिचालन गरिनेछ ।

- कृषि उपजलाई बजारीकरण गर्न कृषकसँग अनुदान साझेदारी गरी कृषि एम्बुलेन्स उपलब्ध गराइने छ ।

- पोषणको अवस्था सुधार गर्न सुनौला १००० दिनका आमाहरुलाई करेसाबारी निर्माण कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

- पशुपालक कृषक र पशुधनको डिजिटल अभिलेखिकरण गरी परम्परागत गोठहरूलाई सुधारका लागि आधुनिक र अपाङ्गतामैत्री स्मार्ट गोठ निर्माण कार्यक्रम अगाडी बढाइनेछ।

- वैदेशिक रोजगारीबाट फर्केका वा स्थानीय स्तरमा व्यवसाय गरिरहेका र गर्न इच्छुक युवाहरूलाई लक्षित गरी '**युवा लक्षित पशु उद्यमशीलता**' युवा स्टार्टअप पशुपंक्षीपालन कार्यक्रम संचालन गरिनेछ ।

- स्थानीय जातका पशुहरूको संरक्षण गर्दै उन्नत जातका नश्ल सुधारका लागि '**कृत्रिम गर्भाधान कार्यदल**' गठन गरी उन्नत नश्ल विकास कार्यक्रम अघि बढाइने छ ।
- दुधालु भैंसी बाँझोपन समस्या समाधान गर्न गाउँ-गाउँमा '**पशु स्वास्थ्य तथा बाँझोपन निवारण शिविर**' सञ्चालन गरिनेछ। साथै भैंसी प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिनेछ ।

पञ्चदेवल विनायक नगरपालिका

- महामारीजन्य रोगहरूबाट हुने क्षति न्यूनीकरण गर्न संघीय सरकार र कृषकको साझेदारीमा शतप्रतिशत पशु बीमा कार्यक्रम लागू गरिनेछ । आकस्मिक पशु स्वास्थ्य सेवाका लागि औषधि, उपकरण र प्राविधिक सहितको सेवा उपलब्ध गरिनेछ ।
- दुग्ध उत्पादक कृषकहरुलाई डेरीसम्म दुध तथा दुग्धजन्य पदार्थ ढुवानी गर्न आवश्यक अनुदानको व्यवस्था गरिनेछ ।
- विशेष उत्पादन (दुध, बाख्रा, कुखुरा, आदि) का आधारमा नगर क्षेत्रका निश्चित ठाउँहरुको पहिचान तथा विकास गरी व्यवसायिक पशुपंक्षी पालन पकेट कार्यक्रम अगाडी बढाइनेछ ।
- एकल महिला समूहहरुलाई सक्षम बनाउन बाख्रा पालनमा विशेष अनुदान उपलब्ध गराई आयआर्जन वृद्धि गर्दै पशुपंक्षी पालनमार्फत एकल महिलालाई आत्मनिर्भर बनाउने कार्यक्रम अगाडी बढाइनेछ ।
- पशुपंक्षीबाट मानिसमा सर्ने (जुनोटिक) र प्राणघातक रोगहरुको बारेमा विद्यालय तथा बस्ती स्तरमा सचेत गराई जनचेतना अभिवृद्धि गर्ने कार्य अगाडि बढाइनेछ ।
- व्यवसायिक पशुपंक्षी पालक किसानलाई पशुपंक्षी पालन सम्बन्धी आधुनिक प्रविधिको ज्ञान सहित कृषक क्षमता विकास अभिवृद्धि तालिम संचालन गरिनेछ। बस्ती स्तरमा पशुपंक्षी उपचार शिविर संचालन कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- पशुपंक्षीमा आकस्मिक रुपमा लाग्ने विभिन्न रोगहरुको नियन्त्रणका लागि पशुपंक्षीका विभिन्न खोपहरु खोप तालिका बमोजिम लगाई पूर्ण पशु खोप नगर घोषणा अभियान अगाडी बढाइनेछ ।
- पशुजन्य मलमूत्रको सही व्यवस्थापन गर्न गोठेमल सुधार तथा जैविक मल उत्पादन गर्ने कृषकलाई प्रोत्साहन गरिनेछ ।
- व्यवसायिक कृषि तथा पशुपंक्षी पालन गरिरहेका कृषकहरुलाई प्रोत्साहन गर्न आवश्यक कार्यविधि बनाई **उत्कृष्ट वर्ष कृषक**" छनोट कार्यक्रम अगाडी बढाइनेछ ।
- रोग परिक्षण सुविधा विस्तार गर्ने र भेटेरिनरि सेवाको विस्तार गर्न पशुपंक्षी रोग परिक्षण कार्यलाई निरन्तरता दिइनेछ ।
- सुनौला १००० दिनका आमाहरुलाई कुखुरा वितरण तथा कुखुरापालन सम्बन्धी अभिमुखिकरण तालिमलाई निरन्तरता दिइनेछ ।
- पशुपंक्षी खोपको प्रभाव र महत्वबारे सचेतना गराउन प्राविधिकसँग जनप्रतिनिधि र कृषकहरुको अन्तरक्रिया कार्यक्रम अगाडी बढाइनेछ ।

- नगरपालिका भित्र रहेका पर्यटकीय क्षेत्रहरु (तुर्बन, लेस्टेकोट, देलिकाँडा, चिलखर्कडाँडा, खानडाँडा) मा आन्तरिक पर्यटन प्रवर्द्धनका लागि प्रचार-प्रसार गर्दै सडकको पहुँच विस्तारमा आवश्यक पहल गरिनेछ ।

- धार्मिक पर्यटन प्रवर्द्धनका लागि (कुइकेल्ले माइ, जाल्पादेवी, दुर्गादेवी, मष्टामाडौं, बाल्लेमाँडु, वण्डालीमाँडु, नैनेल देवता) ऐतिहासिक पर्वहरुलाई व्यवस्थित बनाउन आवश्यक पहल गरिनेछ ।

- पञ्चदेवल, विहार र कनिकेदेवल ऐतिहासिक पुरात्वातिक सम्पदाहरुको संरक्षणका लागि पुरातत्व विभाग संगको समन्वयमा आवश्यक कार्य गरिनेछ ।

- रारा जाने पर्यटकहरुलाई पञ्चदेवल हुँदै रामारोशनसम्म पुर्याउन रामारोशन पर्यटन क्षेत्र विकास समितिसँग सहकार्य गरी बेलखेत प्रवेशद्वार र आसपासमा वाल पेन्टिङ्ग र होडिङ वोर्ड राखी पर्यटन क्षेत्रको प्रचार-प्रसार गरिनेछ।

- **"राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रम"** मार्फत् रोजगारीको खोजीमा रहेका युवाहरुलाई स्थानीय स्तरमै रोजगारी तथा स्वरोजगारीमा संलग्न गराउन रोजगारी सिर्जना, सीप तथा उद्यमशीलता प्रबर्द्धन सम्बन्धी कार्यक्रम सञ्चालन गरिनेछ ।

- श्रम बजारको माग र आपूर्तिको अवस्था अध्ययन गरी सीपयुक्त जनशक्ति उत्पादन गर्दै सम्भावित रोजगार तथा उद्यम अवसरको सिर्जना गरिनेछ ।

- वैदेशिक रोजगारीलाई सुरक्षित, व्यवस्थित र मर्यादित बनाउन आप्रवासी र रिटर्नी श्रमिकको व्यक्तिगत तथा पारिवारिक हितका लागि सहयोग, सूचना, सेवा तथा परामर्श उपलब्ध गराइनेछ । रिटर्नी श्रमिकको सीप, पूँजी र प्रविधिको उच्चतम उपयोग हुनेगरी कार्यक्रम सञ्चालन गरिनेछ ।

- **"श्रमको सम्मान, राष्ट्रको अभियान"** कार्यक्रमलाई समुदायस्तरमा थप प्रभावकारी ढंगले सञ्चालन गरिनेछ । स्थानीय स्तरमा रोजगारीका अवसर र सम्भावनाहरुको खोजी गरी रोजगारी प्रवर्द्धनको कार्यदिशा पहिल्याउन रोजगार सम्वाद मञ्चलाई चुस्त र प्रभावकारी बनाइनेछ ।

- सम्भाव्य उत्पादनको उत्पादकत्व र बजार प्रतिस्पर्धालाई वृद्धि गर्नका लागि लघुउद्यमी महिला समूहलाई प्रविधि हस्तान्तरण कार्यक्रम सञ्चालन गरिनेछ ।

- उद्यमशिलता विकासलाई स्थानीय रोजगारी सिर्जनाको आधार मान्दै स्थानीय स्रोत, सीप र सन्दर्भ अनुकुल लघु तथा घरेलु उद्योग स्टार्टअप र नवप्रवर्तनशिल उद्यमलाई प्रवर्द्धन गर्ने नीति तथा संरचना विकास गरिनेछ । नागरिकलाई उद्यमी बनाउन र अवसरसँग जोड्नका लागि व्यवसायको सम्वर्द्धन र उद्यमहरुको द्रुतिकरण मार्फत नवप्रवर्तन, वित्त र प्रविधिमा

पहुँच बजार विस्तार, आम्दानीमा वृद्धि जस्ता विभिन्न कार्यक्रमहरु सञ्चालन गरिनेछ । सीप विकास र तालिम पछिको अवसर रोजगारदाता तथा तालिम प्रदायक संस्थाहरु संघ र प्रदेश सरकार तथा विकास साझेदारहरुसँग समन्वय र सहकार्य गरिनेछ ।

- स्थानीय स्रोत र सम्भावनामा आधारित लघु, साना र मझौला उद्यमको प्रवर्द्धन गर्दै बेरोजगार युवालाई सीपमूलक तालीम तथा उद्यम सञ्चालनमा सहुलियत प्रदान गरिनेछ ।
- महिला, दलित, जनजाति तथा विपन्न वर्गलाई उद्यमशीलता विकासमा प्राथमिकता दिदै नवप्रवर्तन (Innovation) र हरित उद्यम (Green Enterprise) प्रवर्द्धनमा जोड दिइनेछ भने निजी क्षेत्र, सहकारी र समुदायको साझेदारीमा उद्यम विकास गरिनेछ ।
- वडा नं. ४ मा रहेको दुना टपरी उद्योगलाई स्तरोन्नती गरिनेछ ।
- अवैध रुपमा उत्पादन, बिक्रि वितरण भइरहेको मदिरालाई निरुत्साहित गर्न स्थानीय स्तरमा उत्पादन हुने धान, कोदो, मकै, जौं जस्ता खाद्यान्न बालीको उत्पादन अभिवृद्धि गर्दै गुणस्तरयुक्त मदिराको उत्पादन, बिक्रि वितरण, निकासी र पैठारीको प्रबन्ध गरिनेछ ।

**नगरसभाका सदस्यहरु,**

**२.सामाजिक विकासतर्फः**

- सामुदायिक विद्यालयहरुको विस्तृत भौतिक पूर्वाधार सर्वेक्षण, नक्साङ्कन तथा स्तरीकरण गरिनेछ ।
- माध्यमिक विद्यालयहरुमा शिक्षण सिकाइ क्रियाकलाप सञ्चालनको लागि डिजिटल प्रविधिको प्रयोग गर्न स्मार्टबोर्ड व्यवस्थापन, ICT ल्याबको सञ्चालन, ई-हाजिरी र शिक्षक तथा कर्मचारीको क्षमता विकास तालिम सञ्चालन समेत गरिनेछ ।
- बाल विकास केन्द्रमा आवश्यकता अनुसार थप सिकाइ सामग्रीहरु उपलब्ध गराई बाल विकास केन्द्रलाई आधारभूत शिक्षाको मजबुत आधारको रुपमा विकास गरिनेछ ।
- **'शिक्षामा गुणस्तरीय सुधार हाम्रो अभियान, पञ्चदेवल विनायक नगरपालिकाको पहिचान'** भन्ने नाराका साथ शैक्षिक सत्र, **२०८३ लाई शैक्षिक गुणस्तर अभिवृद्धि** गर्ने कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- नगरपालिकाको शिक्षा, युवा तथा खेलकूद नीति, वडा शिक्षा, नगर शिक्षा योजना, परीक्षा सञ्चालन निर्देशिका र खेलकुद विकास समिति गठन तथा परिचालन लगायतका आवश्यक शिक्षा, युवा तथा खेलकुद सम्बन्धी नीतिहरु तयार गरी लागु गरिनेछ ।

पञ्चदेवल विनायक नगरपालिका

- न्यूनत्तम शैक्षिक र भौतिक पूर्वाधार नभएका विद्यालयहरुलाई मर्ज (सामुदायिक-सामुदायिक) गर्ने नीति लिइनेछ । विद्यालयलाई राइटसाइजिङ र डाउनसाइजिङ गरी सम्पन्न पूर्वाधार जनशक्ति सहित ठुलो विद्यालयको स्थापनाका लागि पहल गरिनुका साथै शिक्षक दरबन्दी आवश्यकताको आधारमा मिलान गरिनेछ ।

- सामुदायिक विद्यालयहरुको शैक्षिक गुणस्तर सुधारका लागि वडास्तरमा विभिन्न शैक्षिक कार्यक्रमहरु सञ्चालन गरिनेछन् । सबै विद्यालयहरुमा अंग्रेजी, गणित र विज्ञान विषयका अतिरिक्त कक्षाहरु, सुधारात्मक नमूना परीक्षा, शैक्षिक संवाद आदि कार्यक्रमहरु सञ्चालन गरी वार्षिक परीक्षामा न्यूनत्तम ७० प्रतिशत नतिजा हासिल गर्ने लक्ष्य लिइनेछ ।

- नगर नमुना विद्यालयको शैक्षिक तथा भौतिक गुणस्तर कायम गर्न व्यवस्थापकीय अनुदान उपलब्ध गराइनेछ ।

- विद्यालयको IEMIS लगायत अन्य प्रशासनिक कामहरु छिटो र छरितो बनाउन कम्प्युटर र प्रिन्टर नभएका विद्यालयहरुमा १/१ ओटा कम्प्युटर र प्रिन्टर, पावर ब्याकअप उपलब्ध गराइ आई.सि.टि. मार्फत शिक्षण सिकाइ क्रियाकलाप सञ्चालनमा जोड दिइनेछ ।

- कक्षा १ देखि ३ सम्मको स्थानीय विषयको पाठ्यपुस्तक छपाइ गरिनेछ र कक्षा ४ देखि ८ सम्मको पाठ्यपुस्तक मस्यौदा तयार गरिनेछ। कक्षा ८, १० र १२ मा शतप्रतिशत सिकाइ उपलब्धी हासिल गर्ने विद्यालयलाई रु. ५ लाख अनुदान उपलब्ध गराइने छ।

- प्रत्येक विद्यालयमा आवश्यकता प्राथमिकताको आधारमा न्यूनत्तम सक्षमताको अवस्था (कक्षाकोठा, स्वच्छ पीउने पानी, शौचालय, पुस्तकालय, फर्निचर, क्यान्टिन, प्रयोगशाला र सूचना प्रविधि) को अवस्था हेरी उपलब्ध स्रोत र साधनको व्यवस्था गरिनेछ ।

- महिलाहरुलाई उच्च शिक्षाको पहुँचमा अभिवृद्धि गर्न **'छोरी-बुहारी छात्रवृत्ती कार्यक्रमलाई निरन्तरता दिइने छ।**

- अभिभावकविहीन, बेसहारा र विपन्न विद्यार्थीहरुको पहिचान गरी उनीहरुको आधारभूत तह सम्मको शिक्षाको सुनिश्चतता गरिनेछ । कोही पनि विद्यार्थी विद्यालय बाहिर नरहेको सुनिश्चितता गरिनेछ ।

- विद्यालयस्तरमा विभिन्न प्रकारका खेलकुद प्रतियोगिताहरु सञ्चालन गरी खेलकूदको प्रवर्द्धन साथै राष्ट्रपति रनिङ्ग शिल्ड खेलकूद प्रतियोगितालाई थप व्यवस्थित रुपमा सञ्चालन गर्ने नीति लिइनेछ ।

- स्थानीय उत्पादनमा आधारित विद्यालयको दिवा खाजा कार्यक्रमलाई थप व्यवस्थित र प्रभावकारी रुपमा सञ्चालन गर्न सबै वडाका अगुवा कृषक, सहकारी संस्थाहरु र विद्यालयसँग अन्तरक्रिया कार्यक्रम सञ्चालन गरिनेछ ।

- शैक्षिक गुणस्तर अभिवृद्धिका लागि विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ, शिक्षकहरु तथा अभिभावकहरुसँग अन्तरक्रिया कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- सामुदायिक विद्यालयहरुको शैक्षिक गुणस्तर कायम गर्न तथा शिक्षक दरबन्दी अपुग भएका विद्यालयहरुमा शिक्षण सिकाई अनुदानलाई थप व्यवस्थापन गरिनेछ।
- विद्यालयका प्रधानाध्यापकहरुलाई अन्तर वडाका विद्यालयहरुमा शिक्षण सिकाई अनुभव आदान-प्रदान गर्नको लागि घुम्ति प्रधानाध्यापक बैठकलाई निरन्तरता दिइनेछ।
- युवाहरुलाई सामाजिक रुपान्तरण र लागु औषध विरुद्धको अभियानमा जोड्न युवा क्लब र युवा सञ्जालको क्षमता विकास कार्यक्रम सञ्चालन गरिनेछ । युवा परिषद् तथा खेलकुद विकास समितिमार्फत राष्ट्रपति रनिङ्ग शिल्ड लगायतका खेलकुद प्रतियोगिताहरु सञ्चालन गरिनेछ।
- आधारभुत र आकस्मिक स्वास्थ्य सेवा स्वास्थ्य संस्था बाट न्युनतम स्वास्थ्य सेवा मापदण्डको आधारमा गुणस्तरीय र निशुल्क बनाईनेछ ।स्वास्थ्य संस्थामा अत्यावश्यक औषधि र उपकरण आपूर्ति सुनिश्चित गरिनुका साथै मानसिक स्वास्थ्य सेवा समेत विस्तार गरिनेछ ।
- नगर अस्पताल सञ्चालनका लागि आवश्यक औषधी, उपकरणहरु र जनशक्ति समेत व्यवस्थापन गरी आर्थिक वर्षको सुरुबाटै १० शैयाको नगर अस्पताल सञ्चालनमा ल्याइनेछ ।
- नगर प्रमुखसँग जेष्ठ नागरीक स्वास्थ्य सेवा कार्यक्रम सञ्चालन गरिनुका साथै ***"म स्वस्थ, मेरो परिवार घर घरटोल स्वस्थ"*** कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरुलाई दिदै आएको प्रोत्साहन भत्तालाई वृद्धि गरी निरन्तरता दिइनेछ ।
- आमा तथा बच्चाको स्वास्थ्य अवस्था र मातृ तथा नवशिशु मृत्यु घटाउन ग्रामिण अल्टासाउण्ड कार्यक्रमलाई थप व्यवस्थित गरिनुका साथै आवश्यकताको आधारमा बर्थिङ् सेन्टर विस्तार तथा व्यवस्थित गरिनेछ ।
- सुनौला १००० दिनका महिला र बालबालिकाको स्वास्थ्यलाई ध्यानमा राखी पोषण कार्यक्रमलाई प्रभावकारी बनाइनुका साथै स्वास्थ्य संस्थाहरुलाई पोषणमैत्री स्वास्थ्य संस्था बनाउने कार्यमा जोड दिइनेछ ।
- नगरपालिका भित्र रहेका सम्पूर्ण स्वास्थ्य संस्थाहरुबाट दिइने सेवालाई पूर्ण डिजिटाईजेसनका लागि विद्युतीय स्वास्थ्य सुचना व्यवस्थापन प्रणाली (EHMIS) लागु गरिनुका साथै स्वास्थ्य सेवा गुणस्तरीय बनाउन स्वास्थ्यकर्मीहरुको क्षमता अभिवृद्धि गरिने छ।

पञ्चदेवल विनायक नगरपालिका

- स्वस्थ नगर (Health City) प्रवर्द्धन कार्यक्रम अन्तर्गत ***"स्वस्थ नागरिकः स्वस्थ र स्वच्छ नगर"*** भन्ने नाराका साथ Health City अवधारणा लागु गर्न नगरपालिकाका सम्पूर्ण घरधुरी सर्वेक्षण गरि GIZ सँगको साझेदारी र सहकार्यमा पारिवारिक स्वास्थ्य प्रोफाइल तयार गरी एकीकृत स्वास्थ्य प्रणालीको विकास गरिनेछ साथै सर्वेक्षणका आधारमा स्वास्थ्य प्रवर्द्धन कार्यक्रममार्फत हरेक वडामा ३० वर्ष माथिका नागरिकहरुको नसर्ने रोगहरुको परीक्षण (NCD Screening) सँगै जनचेतनामूलक कार्यक्रम लगायत विद्यालय र समुदायमा जनस्वास्थ्य कार्यक्रम सञ्चालन गरिनेछ ।नगरपालिका, वडा कार्यालय, विद्यालय तथा स्वास्थ्य संस्थाहरुको १०० मिटर परिधिभित्र धुम्रपान तथा मद्यपान निषेधित क्षेत्र (No Smoking and Alcoholic Zone) घोषणा गरिनेछ ।
- ३० देखि ४९ वर्षका महिलाहरुलाई समेट्ने गरी विभिन्न स्थानहरुमा पाठेघरको मुखको क्यान्सर, स्तन क्यान्सर, आङ खस्ने समस्या र आँखाको Screening गरिनेछ साथै सबै नागरिकहरुको पहुँच हुने गरी आँखा, नाक, कान, घाँटी सम्बन्धी एकीकृत स्वास्थ्य शिविरहरु सञ्चालन गरिनेछ ।
- प्रसूति, नवजात शिशु भएका महिलाहरु, सुरक्षित गर्भपतन जटीलता भएका र अति विपन्न महिलाहरुलाई प्रदान गरिदै आएको निःशूल्क एम्बुलेन्स सेवालाई निरन्तरता दिइने छ ।
- ल्याब सेवालाई व्यवस्थित तथा गुणस्तरीय बनाउन आवश्यक सामग्रीहरुको व्यवस्थापन गरी थप सेवा विस्तार गरिनेछ ।
- एक स्वास्थ्य (One Health) अवधारणामा आधारित स्वास्थ्य तथा वातावरणीय कार्यक्रम सञ्चालन गरिनुका साथै स्वास्थ्य संस्थाहरुको सेवा प्रवाहको गुणस्तर, औषधिको प्रयोग, व्यवस्थापन, सरसफाई समेतका आधारमा स्वास्थ्य संस्थाहरुको वार्षिक मूल्याङ्कन गरी प्रोत्साहन गरिनेछ ।
- सबै स्वास्थ्य संस्थाहरुलाई किशोर किशोरीमैत्री स्वास्थ्य सेवा प्रदान गर्न स्वास्थ्यकर्मीहरुको क्षमता विकास, आवश्यक व्यवस्थापनका साथै सबै आधारभूत (१-८) र माध्यमिक विद्यालयका स्वास्थ्य शिक्षकहरुलाई यौन तथा प्रजनन् स्वास्थ्य सम्बन्धी क्षमता विकास तालिम सञ्चालन गरिनेछ ।
- HIV बाट संक्रमित भई नियमित ART सेवन गरिरहेका व्यक्तिहरुका लागि नगर अस्पतालमा ART Center स्थापना गरी ART सेवनलाई सहज बनाइनेछ।साथै, समुदायमा खुलेर ART सेवन गरिरहेका व्यक्तिहरुको पोषण सुधारका लागि आवश्यक सहयोग गरिनेछ ।
- मातृशिशु मृत्युदर कम गर्न, पोषणको अवस्था सुधार गर्न र समाजमा भएका हानिकारक अभ्यासहरुको अन्त्यका लागि स्वास्थ्यकर्मीको उपस्थितिमा नियमित आमा समूहका बैठकहरुको लागि खाजा कार्यक्रमलाई निरन्तरता दिइनेछ।

- बहुक्षेत्रीय पोषण योजना कार्यक्रमलाई थप व्यवस्थित गरी सञ्चालन गर्ने र पोषण प्रवर्धन कार्यक्रम मार्फत सुनौला हजार दिनका महिला तथा बालबालिका र किशोरीहरुको पोषण अवस्थामा थप सुधार गर्दै लगिनेछ।

- आमा समूहहरुका बैठकको खाजा व्यवस्थापनका लागि आवश्यक बजेटको व्यवस्था गरिनेछ।

- पोषणमैत्री स्थानीय शासन अवलम्बन गर्नका लागि विशेष जोड दिई पोषण कार्यक्रमलाई सबै क्षेत्रमा जोड्दै मुलप्रवाहीकरण गरिनेछ ।

- शुद्ध खानेपानी र सरसफाइको अभियानलाई विशेष महत्वका साथ सञ्चालन गरी नागरिकको स्वास्थ्य तथा पोषण अवस्थालाई सुधार गर्दै लगिनेछ ।

- **'एक घर, एक करेसाबारी'** को अभियान मार्फत हरेक सुनौला हजार दिनका घरपरिवारमा अनिवार्य करेसाबारी निर्माण गर्ने र वार्षिक रुपमा हरेक घरपरिवारमा एक फलफूलको बिरुवा अनिवार्य रोप्ने कार्यमार्फत पोषण तथा खानपानमा सुधार गर्दै लगिनेछ ।

- सुनौला १००० दिनका विपन्न महिलाहरुको पोषण सुधार गर्न आय आर्जनको लागि अनुदान कार्यक्रम सञ्चालन गरिनेछ।

**नगरसभाका सदस्यहरु,**

- नगरपालिका, हेल्भेटास र अन्य दातृ निकायहरुको साझेदारीमा आगामी आ.व. २०८३/८४ मा थप ८०० घरधुरीमा बहुउपयोगी खानेपानी निर्माण कार्यलाई अगाडी बढाइनुका साथै खानेपानी योजनाहरुको दिगोपना र पानी परीक्षण प्रयोगशाला स्थापना गरी गुणस्तर परीक्षणको व्यवस्था मिलाइनेछ।

- खानेपानीको स्रोत न्यून भएका वडा नं. १, ३, ४, ५ र ७ को खानेपानीको दिर्घकालिन समस्या समाधानका लागि विनायक वृहत खानेपानी अन्तर्गत (खारेखोला कालिकास्थान खानेपानी) आयोजनाको खानेपानी विभाग संग समन्वय गरी डि.पि.आर. गर्ने र आयोजना निर्माणका लागि संघीय सरकार संग वजेटका लागि आवश्यक पहल गरिनेछ ।

- सबैखाले खानेपानी, सिँचाइ तथा बहुउपयोगी लगायतका जलस्रोतसँग सम्बन्धित योजनाहरुको सञ्चालन तथा व्यवस्थापकीय अवस्था अद्यावधिक गरी सबै समितिहरुलाई *खानेपानी सरसफाई तथा स्वच्छता ऐन बमोजिम दर्ता एवं अद्यावधिक र नविकरण गर्ने व्यवस्था मिलाई पालिकास्तरमा N-WASH Plan मार्फत* (खानेपानी योजना तथा सरसफाइ संरचनाको डिजिटलाइजेसन र अभिलेखिकरण, GIS आधारित WASH नक्साकंन, अनलाइन अनुगमन तथा प्रतिवेदन प्रणाली विकास, खानेपानी मुहान संरक्षण कार्यक्रम र सार्वजनिक

फोहोरमैला व्यवस्थापन, WSP र VMW तालिम सञ्चालन) *खानेपानी सरसफाई तथा स्वच्छता क्षेत्रको सूचना व्यवस्थापन प्रणाली* स्थापना गरिनेछ ।

- जैविक विविधता तथा वातावरण संरक्षण सम्बन्धी आवश्यक नीति तथा कानुनको निर्माण गरी सोही अनुसार *जलाधार क्षेत्रको विकास तथा जैविक विविधता संरक्षण गर्दै पानीका स्रोतहरुको संरक्षण तथा पुनर्भरण* अभियान सञ्चालन गरिनेछ ।

- योजनाको दिगोपनाका लागि पानी महसुल संकलन महत्वपूर्ण पक्ष हो । त्यसैले, *उत्पादनमा प्रयोग गरौं खेर गएको पानी, करेसाबारी प्रवर्द्धन, स्वच्छता र आम्दानी* भन्ने नारा तयार गरी नीजि धारा निर्माण भएका टोलमा *एक घर, एक करेसाबारी अभियान* सञ्चालन गरिने छ ।

- नगरपालिकाका धार्मिक स्थलहरुको फोहोर व्यवस्थापन गर्न र पर्यटन प्रवर्द्धन गर्न धार्मिक स्थलहरुमा सार्वजनिक शौचालय निर्माण कार्यलाई प्राथमिकता दिइनेछ ।

- महिलाहरु माथि हुने सबै खालका हिंसा ( छाउपडी, बालविवाह, बहुविवाह, घरेलुहिंसा, सार्वजनिक स्थलमा हुने हिँसा, यौन दुर्व्यवहार, बोक्सी) अन्त्य गर्न विभिन्न सचेतना कार्यक्रमहरु सञ्चालन गरिने छ।साथै लैङ्गिक हिँसामा परेका महिलाहरुलाई लैङ्गिक हिँसा निवारण कोष र मनोसामाजिक परामर्शकर्ता मार्फत आर्थिक, कानूनी सहायता र मनोसामाजिक परामर्श सेवा प्रदान गरिने छ।साथै लैङ्गिक हिँसामा परेका महिलाहरुको पुनः स्थापनका लागी पुनः स्थापना सहयोग कार्यक्रम सुरक्षीत आवास गृहका लागी आवश्यक आर्थिक अनुदान तथा भौतिक सामग्रीहरु उपलब्ध गराउने कार्यक्रमहरु सञ्चालन गरिने छ।

- मुख्य समस्याको रूपमा रहेको छाउपडी प्रथा अन्त्यका लागि **"मर्यादित महिनावारी"** कार्यक्रमलाई निरन्तरता दिइनेछ, साथै किशोरीहरूको स्वास्थ्य र सुरक्षाका लागि जनचेतनामूलक तथा आत्म रक्षा तालिम कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

- एकल महिला, अपाङ्गता भएका, एच.आइ.भी संक्रमित र गरिब तथा विपन्न महिलाहरुलाई सीपमूलक तथा आयमूलक कार्यक्रम मार्फत आत्मनिर्भर बनाइदै लगिनेछ ।

- महिलाहरुको आर्थिक तथा सामाजिक विकासका लागि विभिन्न अभियान सञ्चालन गरी महिलाहरुको नेतृत्व सीप विकास मार्फत समाजको रुपान्तरण गर्ने नीति अवलम्बन गरिनेछ ।

- लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरण (GEDSI) नीति, रणनीतिको अवलम्वन गरी सबै सार्वजनिक संस्थाहरुमा बालमैत्री, अपाङ्गतामैत्री, किशोरीमैत्री, महिला तथा ज्येष्ठ नागरिकमैत्री वातावरण बनाउन आवश्यक नीति बनाइ क्रमशः कार्यान्वनका लागि विशेष पहल गरिनेछ ।

पञ्चदेवल विनायक नगरपालिका

- महिलासँग सम्बन्धित विभिन्न दिवसहरुको अवसर पारी महिला तथा बालिकाहरुलाई प्रतिष्पर्धात्मक खेल तथा साँस्कृतिक कार्यक्रम मार्फत महिला नेतृत्व विकास शसक्तीकरण तथा सामाजिक रुपान्तरणका कार्यक्रमहरु सञ्चालन गरिनेछ।

- महिलाहरुलाई आर्थिक रुपमा आत्मनिर्भर बनाउन विभिन्न लघु उद्यम विकासका तालिमहरु सञ्चालन गरिनेछ साथै व्यवसायिक दर्ता गरी काम गरिरहेका महिला हरुलाई अनुदानमा आधारित प्रविधि हस्तान्तरण कार्यक्रम सञ्चालन गरिनेछ। महिला तथा बहुउद्देश्यीय सहकारीको क्षमता विकास गरी सबै महिला सहकारीहरुलाई पारदर्शी रुपमा सञ्चालन गर्न आवश्यक पहल गरिनेछ ।

- बाल सञ्जाल तथा बाल क्लबको वार्षिक भेला तथा नियमित बैठक र क्षमता विकास कार्यलाई निरन्तरता दिइनेछ।

- अभिभावकविहीन तथा जोखिममा रहेका बालबालिकाहरुलाई आपतकालिन बालकोष मार्फत आवश्यक सहयोग गर्ने कार्यलाई निरन्तरता दिइनेछ।

- बाल अधिकार समिति र बालमैत्री स्थानीय शासन समितिलाई सक्रिय बनाई बालमैत्री स्थानीय शासनलाई अवलम्बन गर्ने नीति लिइनेछ ।

- जेष्ठ नागरिकहरुको स्वास्थ्य सुधारका लागि जेष्ठ नागरिकहरुको घरदैलोमै आधारभूत स्वास्थ्य परीक्षण गरी औषधी वितरण गर्ने कार्यलाई निरन्तरता दिइनेछ। साथै, ज्येष्ठ नागरिक दिवा सेवा केन्द्रमा सहभागी ज्येष्ठ नागरिकहरुलाई दिवा खाजाको व्यवस्थालाई निरन्तरता दिइनेछ।

- गरिब, जेहेन्दार तथा आर्थिक रूपमा पिछडिएका परिवारका बालबालिकाहरू (विशेष गरी बालिकाहरू) छात्रवृत्ति र शैक्षिक सामग्री वितरण गरी विद्यालयमा नियमित **विद्यालय भर्ना र टिकाउ अभियान** सुनिश्चित गरिनेछ।

- एकल महिला, ज्येष्ठ नागरिक र असहाय बालबालिकाहरूको सामाजिक सुरक्षा र संरक्षणका लागि विशेष कार्यक्रमहरू सञ्चालन गरिनेछ।

- बाल अधिकार समिति र बालमैत्री स्थानीय शासन समन्वय समिति (CFLG) लाई सक्रिय बनाई बालमैत्री स्थानीय शासन अवलम्बन गर्ने नीति लिइनेछ । बालमैत्री स्थानीय शासनका लागि कार्यसञ्चालन भइरहेका वडाहरुलाई घोषणा गर्नका लागि आवश्यक सूचकहरू पूरा गर्ने कार्यक्रमहरू संचालन गरिनेछ।

- सबै प्रकारका अपाङ्गता भएका व्यक्तिहरुलाई माग र आवश्यकताको आधारमा सहायता सामग्री उपलब्ध गराउनका साथै अपाङ्गता परिचय पत्र वितरणका लागि शिविर सञ्चालन

गर्ने र 'ग' वर्गका अपाङ्गता भएका व्यक्तिहरुलाई वार्षिक रुपमा दिदै आएको उपचार खर्च वापतको रकमलाई निरन्तरता दिइनेछ।

- 'ख' वर्गका अपाङ्गता भएका व्यक्ति तथा परिवारका सदस्यहरुको निःशुल्क स्वास्थ्य वीमा कार्यक्रम सञ्चालन गरिनेछ।
- पालिकाभित्र रहेका दलित तथा जनजातीहरुको सांस्कृतिक भेषभुषा र पहिचानलाई जगेर्ना गर्न आवश्यक कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- जातीय विभेद र सामाजिक न्याय सम्बन्धी सचेतनामूलक कार्यक्रमहरु सञ्चालन गरिनुका साथै विपन्न दलितहरुलाई लघुउद्यम मार्फत आर्थिक आत्मनिर्भर बनाउन विभिन्न कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

**नगरसभाका सदस्यहरु,**

**३. पूर्वाधार विकासतर्फः**

- भुकम्पिय जोखिम र असर घटाउन सुरक्षित भवन निर्माण सम्बन्धी नगरपालिकाको प्राविधिक मार्फत ज्ञान/सीप प्रदान गरिनेछ ।
- आयोजनाको दिगो उपयोगलाई मध्यनजर गरी त्रुटी सच्याउने अवधि सम्म मर्मत सम्भारका लागि ५ लाख माथिका आयोजनाको ५ प्रतिशत धरौटी रकम राख्ने व्यवस्थालाई निरन्तरता दिइनेछ ।
- यस नगरपालिकाको कोसेडी, तामकोट, भानाकोट र छडेना लगायत दुर्गम वस्तीलाई सडक सञ्जाल सँग जोडिनेछ ।
- पञ्चदेवल ऐरीगडा रामारोशन सडक, विनायक तोली सडक र राकम पक्की पुल देखि लयाँटी जिरो प्वाइट सम्मको सडक स्तरोन्नती गरिनेछ ।
- टिनको छानामुक्त विद्यालय भवन निर्माणका लागि आवश्यक्ताका आधारमा विद्यालयका भवनहरुको निर्माण तथा मर्मत कार्यलाइ निरन्तरता दिइनेछ ।
- निर्माण सम्पन्न भएका वडा कार्यालय र स्वास्थ्य संस्थाहरुबाट सेवा प्रवाह सुचारु गरिनेछ र निर्माण सम्पन्न हुन बाँकी ९ नं. वडा कार्यालयको प्रशासनिक भवनको निर्माण कार्य सम्पन्न गरिनेछ ।
- नगरपालिका भित्र रहेका सम्पूर्ण सडकहरुलाई नियमित मर्मत सम्भार गरी पूर्णरुपमा सञ्चालनमा ल्याइनेछ।

पञ्चदेवल विनायक नगरपालिका

- नगरपालिका लाई पूर्ण विद्युत्तिकरण गर्न विद्युत प्राधिकरण सँगको सहकार्य तथा समन्वयमा विद्युतिकरण गर्न बाँकी रहेका वडाहरुमा विद्युत लाईन विस्तार गर्ने कार्यका लागि आवश्यक पहल गरिनेछ ।
- परम्परागत शैलीमा धार्मिक स्थलहरुको पूर्वाधार निर्माणका लागि आवश्यक पहल गरिनेछ ।
- नगर नमूना विद्यालयको तिव्र गतिमा पूर्वाधार निर्माण कार्य गरिनेछ ।
- संघ र प्रदेशसँगको सहकार्यमा विद्यालयहरुका भौतिक पूर्वाधार निर्माण कार्य गरिनेछ।
- विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाका आधारमा पालिकाको संस्थागत क्षमता विकास, अल्पीकरण आयोजनाहरुको निर्माण, जीर्ण संरचनाहरुको प्रबलीकरण, सूचना प्रणालीको विकास, जोखिम नक्सांकन, उद्धारकर्मी तथा स्वयंसेवक व्यवस्थापन आदि कार्यमा जोड दिइनेछ ।
- आपतकालीन खोज, उद्धार, राहत तथा पुनर्स्थापनाका क्रियाकलापहरुलाई प्रभावकारी रुपले सञ्चालन गरिनेछ ।
- पालिकामा रहेका सामुदायिक वनहरुको उचित व्यवस्थापन गरी भूसंरक्षण, जैविक विविधता तथा वातावरणीय संरक्षणमा जोड दिइनेछ ।
- हरियाली प्रवर्द्धन कार्यक्रम अन्तर्गत एक घर, एक फलफूलको बिरुवा रोप्ने अभियानको थालनी गरिनेछ ।
- वडा नं. ६ स्थित केतुकानामा रहेको टिमुरेगडा सामुदायिक वन र वडा नं. ८ स्थित पुराना धारापानी सामुदायिक वनमा टिमुरको प्रशोधन केन्द्र स्थापनाका लागि आवश्यक पहल गरिनेछ ।

**४. संस्थागत विकास, सेवा प्रवाह र सुशासनतर्फः**

**नगरसभाका सदस्यहरु,**

- भ्रष्टाचार र अनियमित कार्यलाई कडाईका साथ नियन्त्रण गर्दै पारदर्शिता र जवाफदेहि प्रणालीलाई सुदृढ गरिनेछ ।
- विगतमा नगरपालिकाले निर्माण गरेका कानून, कार्यविधिहरुको प्रभावकारी उपयोग र संशोधनका लागि कानूनका विज्ञहरुको परामर्शमा कानूनको परीक्षण (उत्तरविधायिकी परिक्षण) गरिनेछ ।
- शून्य बेरुजुको नीति अवलम्बन गरिनेछ र नगरपालिकाको नाममा कायम रहेको बेरुजु सम्बन्धित विषयगत शाखा, व्यक्ति, संघ-संस्था, फार्म र कर्मचारीहरुलाई जिम्मेवार बनाई बेरुजु फछ्यौंटको काम निरन्तर अगाडी बढाइनेछ ।

पञ्चदेवल विनायक नगरपालिका

- विकास प्रक्रियामा टोल तथा बस्ती स्तरबाट नै सबै नागरिकहरुको सहभागिताको सुनिश्चित गर्न समाजको आर्थिक, सामाजिक, सांस्कृतिक, भौतिक लगायत विकासका सबै पक्षमा दिगोपना र अपनत्व सृजना अभिवृद्धि गर्न सबै वडाहरुमा टोल विकास संस्थाहरु गठन गरी परिचालन गरिनेछन् ।
- नगरपालिकाको क्षमता विकास योजना तयार गरी कार्यान्वयनमा ल्याइनेछ । कर्मचारी सञ्चालन सम्बन्धी कार्य सञ्चालन विधि (Standard Operating Procedures-SOP) निर्माण गरी कर्मचारी व्यवस्थापन गरिनेछ ।
- करार कर्मचारीहरुलाई योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा आवद्ध गराइनेछ ।
- "**सबै वडाको सबैले अनुगमन गर्ने गरी**" नगर कार्यपालिकाको बैठक घुम्ति सेवाको रुपमा हरेक वडामा बस्ने व्यवस्था गरिनेछ ।
- आर्थिक पारदर्शिता र वित्तिय अनुशासन कायम गर्न, सार्वजनिक खर्चको अनुगमन, र नियन्त्रण अनावश्यक खर्च नियन्त्रणका लागि आन्तरिक नियन्त्रण प्रणाली निर्देशिका तयार गरि कार्यान्वयन गरिनेछ ।
- लेखा प्रणालीमा सुधार र लेखापरीक्षण प्रणालीलाई मजबुत बनाउन एकीकृत वित्तीय व्यवस्थापन सूचना प्रणाली IPFMS, SuTRA, PAMS, EHMIS र CGAS को प्रयोगलाई थप व्यवस्थित रुपमा सञ्चालन गर्दै बजेट कार्यान्वयनमा प्रभावकारी अनुगमन तथा मूल्याङ्कन प्रणाली विकास गरी लागु गरिनेछ ।
- आन्तरिक लेखापरीक्षण प्रणालीलाई स्वायत्त र सक्षम बनाइ त्रैमासिक रुपमा आ.ले.प. गरी वार्षिक लेखापरीक्षण प्रतिवेदनहरूमा आएको सुझाव कार्यान्वयन गरिनेछ ।
- क्षमता अभिवृद्धि र स्रोत व्यवस्थापनका लागि शाखा, वडा र स्वास्थ्य अन्तर्गत कार्यरत कर्मचारीहरूलाई वित्तीय योजना, बजेट निर्माण र लेखा व्यवस्थापन सम्बन्धी आवश्यक तालिम प्रदान गरिनेछ।
- नगरसभा बाट पारित आयोजना तथा कार्यक्रमहरुको सम्झौता वडा स्तरबाट गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।
- नगरपालिकाबाट प्रबाह गरिने सेवाहरुलाई चुस्त दुरुस्त र जनमुखी बनाउन इमान्दार कर्मचारी स्वच्छ प्रशासन र नागरिक मैत्री सेवा प्रवाह भन्ने नारालाइ व्यवहारिक रुपमा लागु गर्दै कर्मचारीलाइ कामप्रति अभिप्रेरित गराई मनोबल उच्च राख्न विशेष प्रोत्साहनका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- न्यायिक समितिको क्षमता विकास गरी न्यायिक निरुपण कार्यलाई थप प्रभावकारी र व्यवस्थित गर्दै लगिनेछ ।

पञ्चदेवल विनायक नगरपालिका

- मेलमिलापकर्ताको थप क्षमता विकास सँगै मेलमिलापकर्तालाई सूचीकृत गरिनेछ भने नगरपालिका र सबै वडामा मेलमिलाप केन्द्र गठन गरी सम्बन्धित वडामा रहेका मेलमिलाप कर्ताहरुमार्फत न्यायिक निरुपणको कार्यलाई प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ।

- नगरपालिका र सम्पूर्ण वडा तथा स्वास्थ्य संस्थाहरुको सार्वजनिक सुनुवाई र बजेट विमर्श कार्यक्रम सञ्चालन गर्ने, भ्रष्टाचार नियन्त्रका लागि आचारसंहिता र गुनासो व्यवस्थापन प्रणाली लागू गरिनेछ ।

- लैङ्गिक उत्तरदायी बजेट निर्माण सुनिश्चितताका लागि लैङ्गिक उत्तरदायी बजेट परीक्षणको सुरुवात गरिनेछ।

- नेपाल सरकार, भूमि व्यवस्था, सहकारी, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको गरिब घर परिवार पहिचान कार्यक्रमको लागि तथ्याङ्क संकलनको काम नगरपालिकाका सबै वडाहरुमा भैरहेको र आगामी आ.व. २०८३/८४ मा सबै घरपरिवारहरुलाई राज्यसुविधा परिचय पत्र वितरण गरिनेछ ।

- नगर क्षेत्रभित्र सबै सरकारी कार्यालय तथा सामुदायिक विद्यालयहरुमा नागरिकले सूचना प्रविधिको सेवा उपभोग गर्न सक्ने वातावरण सुनिश्चित गरि डिजिटल प्रविधिको उपयोगमार्फत सेवा प्रवाहलाई पारदर्शी, प्रभावकारी र छरितो बनाइनेछ।

- नगरपालिका कार्यालय र वडा कार्यालयहरुको प्रशासनिक कामकाजमा सूचना प्रविधिको प्रयोग बढाइनेछ ।

- डिजिटल साक्षरताको प्रवर्द्धन, रोजगारी सिर्जना र उद्यमशिलता लाई प्राथमिकता दिँदै प्रविणता प्रमाणपत्र तह र स्नातक तहमा अध्ययनरत छात्र छात्राहरुका लागि सूचना प्रविधि सम्बन्धी (डिजिटल मार्केटिङ्ग, मोवाइल एप विकास तथा कृत्रिमवुद्धिमता (AI) व्यवसायिक तालिमहरु सञ्चालनका लागि आवश्यक प्रवन्ध गरिनेछ ।

**नगरसभाका सदस्यहरु,**

- स्थानीयकरको दर र दायराहरुलाई फराकिलो बनाउँदै राजश्व वृद्धिलाई प्राथमिकता दिई राजश्व संकलन प्रक्रियामा पारदर्शिता र जवाफदेहिता कायम गरिनेछ।

- सबै आर्थिक कारोबारलाई प्रविधिको प्रयोग गरी नगद रहित पारदर्शी र राजश्व चुहावट मुक्त राजश्व सङ्कलनलाई पुर्ण रुपमा कार्यान्वयमा ल्याइनेछ । साथै, राजस्व प्रशासनलाई आधुनिकीकरण गरिनुका साथै करदातामैत्री सेवा प्रवाह सुनिश्चित गर्ने उद्देश्यका साथ अनियमितता, दोहोरो कर र कर छली रोक्ने प्रभावकारी व्यवस्था लागू गरिनेछ ।

- नगरपालिकाको आन्तरिक स्रोतहरूको अभिलेख तयार गरी डिजिटल प्रणालीमा अद्यावधिक गर्नुका साथै घर/जग्गा, व्यवसाय, सवारी साधन, उद्योग लगायतका करयोग्य वस्तुहरूको तथ्यांक संकलन गरिनेछ।

- संघीय सरकारको सहयोग र समन्वयमा आवश्यक जनशक्तिको व्यवस्थापन गरी नागरिकहरुलाई नापी र भूमि प्रशासन सम्बन्धि सेवा नगरपालिकाबाटै प्रदान गरिने कार्यको थालनी गरिनेछ।
- व्यक्ति व्यवसायी र संघ संस्थाहरुको स्थायी लेखा नम्बर (PAN) प्रदान गरिने कार्यको सुरुवात गरिनेछ।
- स्थानीय कर र गैर कर राजश्व प्रशासन सम्बन्धी कानून तर्जुमा गरी कार्यान्वयन गरिनेछ।
- आयोजना सञ्चालन तथा व्यवस्थापनलाई सहज बनाउन उपभोक्ताहरुलाई अभिमुखिकरण तालिम, प्रत्येक वडावासीहरुलाई वडास्तरीय अभिमूखिकरण कार्यक्रम सञ्चालन गरिनुका साथै प्रत्येक आयोजनाको सर्वेक्षण देखि अन्तिम किस्ता भुक्तानी सम्मको प्रक्रिया समेटी आयोजना किताब बनाई लागू गरिनेछ ।

अन्तमा, यस नगरपालिकाको विकास र समृद्धिका लागि अख्तियार गरेको आ.व. २०८३/८४ को प्रस्तुत नीति तथा कार्यक्रम कार्यान्वयनका लागि सम्वद्ध सबै राजनीतिक दल, उद्योगी व्यापारी, समाजसेवी, बुद्धिजीवी, युवा, विद्यार्थी तथा सम्पूर्ण नगरवासी आमाबुबा, दाजुभाई तथा दिदीबहिनीहरुको साथ सहयोग र सहभागिताको लागि हार्दिक अपेक्षा राख्दै प्रस्तुत नीति तथा कार्यक्रम छलफल तथा पारितका लागि यस सम्मानित नगरसभामा पेस गर्दछु ।

धन्यवाद ।

पञ्चदेवल विनायक नगरपालिका